राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०८२/०८३





977-082563973/560119

Ghorahi-15, Dang,

www.rahs.np

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

# बार्षिक प्रगति प्रतिवेदन २०८२/०८३

संरक्षक

- प्रा.डा. अजय कुमार मिश्र
  उपकुलपति

सल्लाहकार

- प्रा.डा. राम नारायण मण्डल
  रेक्टर
- प्रा. श्याम लम्साल
  रजिष्ट्रार
- प्रा.डा. कृष्ण कुमार झा
  डिन
- सह-प्रा.डा. सुरेश विक रसाइली
  निर्देशक

लेखन तथा संपादन

- सालिक राम कालाथोकी
  शाखा अधिकृत

लेआउट डिजाइन

- निरूता डिसी
  आई.टी. अफिसर

# शुभकामना सन्देश

लुम्बिनी र कर्णाली प्रदेशका केही जिल्लाको स्वास्थ्य क्षेत्रमा गुणस्तरीय शिक्षा, अनुसन्धान र सर्वसाधारणको सहज स्वास्थ्य पहुँच पुऱ्याउने पवित्र उद्देश्यका साथ स्थापित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान विभिन्न आरोह-अवरोह र चुनौतीहरूलाई चिर्दै गौरवमय नवौं वर्षमा प्रवेश गरेको छ। यस खुसीको अवसरमा सम्पूर्ण प्राज्ञिक परिवार, कर्मचारी, सेवाग्राही, र यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

विगतका वर्षहरूमा हामीले गरेका प्रयास, प्राप्त उपलब्धिहरू र सामना गरेका कठिनाइहरूको समिक्षा गर्ने एउटा महत्त्वपूर्ण दस्तावेजको रूपमा यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ। यो प्रतिवेदनले केवल हाम्रो एक वर्षको कार्यप्रगति मात्र होइन, स्थापना कालदेखि हालसम्म हामीले तय गरेको यात्रा, संस्थागत विकास र सेवा विस्तारका पाटोहरूलाई समेत स्पष्ट रूपमा झल्काउँछ।

स्थापनाकालदेखि नै सीमित स्रोत र साधनका बाबजुद पनि यस प्रतिष्ठानले यस क्षेत्रका जनतालाई भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न निरन्तर अग्रसरता लिइरहेको छ। बिरामीको चापलाई मध्यनजर गर्दै हामीले विशेषज्ञ सेवाहरूको विस्तार, पूर्वाधार विकास, र आधुनिकीकरणमा विशेष जोड दिएका छौं। बहिरङ्ग (OPD), अन्तरङ्ग (IPD), आपतकालीन सेवा लगायत विभिन्न स्वास्थ्य शिविरमार्फत प्रत्यक्ष रूपमा लाखौं नागरिकहरूलाई स्वास्थ्य सेवा पुऱ्याउन सफल भएकोमा हामी गौरव महसुस गर्छौं।

स्वास्थ्य सेवा मात्र नभई चिकित्सा शिक्षाको क्षेत्रमा पनि हामीले दक्ष र नैतिकवान जनशक्ति उत्पादन गर्ने दीर्घकालीन लक्ष्यलाई अगाडि बढाएका छौं। हाम्रा शैक्षिक कार्यक्रमहरूले विद्यार्थीहरूको बौद्धिक विकाससँगै समाजप्रतिको उत्तरदायित्वबोधलाई समेत गहिरो रूपमा प्रस्फुटन गराएका छन्। आगामी दिनमा यसलाई थप प्रभावकारी, प्रविधिमैत्री र अनुसन्धानमुखी बनाउने हाम्रो दृढ संकल्प रहेको छ।

यस प्रतिष्ठानलाई यहाँसम्म पुऱ्याउन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्थानीय तह, नागरिक समाज, मिडियाकर्मी, र हाम्रा अहोरात्र खटिने चिकित्सक, नर्स तथा सम्पूर्ण कर्मचारी साथीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। विशेष गरी, हामीप्रति विश्वास राखेर उपचारका लागि आउनुहुने सम्पूर्ण सेवाग्राहीहरूको विश्वास नै हाम्रो सबैभन्दा ठूलो पुँजी हो।

अन्तमा, आगामी दिनमा यस प्रतिष्ठानलाई यस क्षेत्रकै एक उत्कृष्ट चिकित्सा विज्ञानको केन्द्रको रूपमा स्थापित गर्न हामी थप उर्जा, प्रतिबद्धता र पारदर्शिताका साथ अगाडि बढ्नेछौं भन्ने विश्वास दिलाउँछु। यो वार्षिक प्रतिवेदनले प्रतिष्ठानको आगामी रणनीतिक योजना निर्माण र सुधारका क्षेत्रहरू पहिचान गर्न महत्त्वपूर्ण दिशानिर्देश गर्नेछ भन्ने पूर्ण अपेक्षा लिएको छु।

धन्यवाद ।

**प्रा. डा. अजय कुमार मिश्र**
उपकुलपति

# Message from the Rector

Dear Students, Parents, Faculty and Well-wishers,

I extend my warm greetings from Rapti Academy of Health Sciences, Ghorahi - a proud health sciences institution serving Lumbini Province and the nation.

RAHS is deeply committed to academic excellence, clinical competence, and ethical medical practice. Our primary focus is the academic growth and professional development of our *Undergraduate and Postgraduate students*.

We have strengthened our teaching-learning activities, hospital-based clinical exposure, research guidance, and assessment systems to ensure that every student receives quality education and hands-on training in accordance with Nepal Medical Council and University/MEC norms.

I urge all our UG and PG students to maintain regularity, discipline, and dedication in your studies and clinical duties. Your academic integrity and service to the patient is the foundation of this Academy's reputation.

The Academy is also working continuously to improve infrastructure, faculty support, library, lab and hostel facilities for a better academic environment.

We seek continued support and trust from the public, parents and all stakeholders in our journey to build RAHS as a centre of excellence in health education and healthcare.

Thank you.

**Prof. Dr. Ram Narayan Mandal**

**Rector**

# मन्तव्य

रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ। यस अवधिमा प्रतिष्ठानले स्वास्थ्य शिक्षा, स्वास्थ्य सेवा तथा अनुसन्धानका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ।

MBBS, BSc Nursing, BNS, PG Fellowship, MD/MS, MN लगायतका शैक्षिक कार्यक्रमहरू सञ्चालन र विस्तार भएका छन्। BNS को पहिलो ब्याच सफलतापूर्वक अध्ययन पूरा गरी दीक्षित हुनु प्रतिष्ठानका लागि महत्वपूर्ण उपलब्धि हो।

अस्पतालमा बाह्य तथा अन्तरङ्ग सेवाको विस्तारसँगै विशेषज्ञ स्वास्थ्य सेवामा समेत उल्लेखनीय सुधार भएको छ। क्याथल्याब सञ्चालन, शल्यक्रिया सेवा तथा विभिन्न विशिष्टीकृत सेवाले सेवाग्राहीलाई थप सुविधा पुगेको छ। सिकलसेल तथा थालासेमिया परीक्षणलगायत लक्षित स्वास्थ्य कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन भएका छन्। औषधि व्यवस्थापन, औषधि परामर्श तथा Antimicrobial Resistance न्यूनीकरणका प्रयासलाई निरन्तरता दिइएको छ।

अनुसन्धान तथा प्रतिष्ठानको जर्नल प्रकाशनमार्फत शैक्षिक तथा अनुसन्धानात्मक गतिविधिलाई थप सुदृढ गरिएको छ। मानव स्रोतको व्यवस्थापन, क्षमता विकास तथा संस्थागत प्रणाली सुधारमा समेत महत्वपूर्ण कार्यहरू भएका छन्। डिजिटल प्रविधिको प्रयोग, EMR तयारी तथा सूचना व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिइएको छ।

४०० शैय्याको थप भवन निर्माणका लागि नेपाल सरकारबाट बजेटको विनियोजन हुनु प्रतिष्ठानको दीर्घकालीन विकासका लागि महत्वपूर्ण उपलब्धि हो। विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्य र सम्झौताले सेवा तथा शैक्षिक गतिविधिलाई थप प्रभावकारी बनाएको छ। समुदायस्तरमा सेवा विस्तार गर्दै प्रतिष्ठानलाई उत्कृष्ट स्वास्थ्य शिक्षा तथा सेवाको केन्द्रका रूपमा विकास गर्ने प्रयास जारी छ।

आगामी दिनमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, राजनैतिक दलहरू, नागरिक समाज, प्रतिष्ठान परिवार लगायत सम्पूर्ण सरोकारवालाको सहयोग र सहकार्यबाट प्रतिष्ठानलाई अझ सुदृढ, गुणस्तरीय र जनमुखी संस्थाका रूपमा अघि बढ्ने अपेक्षा गर्दछु।

**प्रा.श्याम लम्साल**
**रजिष्ट्रार**

# शुभकामना सन्देश

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको वार्षिक प्रगति प्रतिवेदन प्रकासनको सुखद अवसरमा प्रतिष्ठान परिवार, विद्यार्थी, शिक्षक, कर्मचारी तथा सम्पूर्ण शुभेच्छुकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। स्वास्थ्य शिक्षा, स्वास्थ्य सेवा तथा अनुसन्धानका क्षेत्रमा प्रतिष्ठानले छोटो अवधिमै हासिल गरेको प्रगतिले हामी सबैलाई गौरवान्वित बनाएको छ। गुणस्तरीय, सीपमा आधारित र व्यावहारिक स्वास्थ्य शिक्षा प्रदान गर्नु हाम्रो प्रमुख दायित्व हो। विद्यार्थीको ज्ञान, सीप, व्यावसायिक दक्षता तथा मानवीय संवेदनाको विकासलाई हामीले शिक्षण–सिकाइको केन्द्रमा राख्नुपर्छ। समयअनुकूल पाठ्यक्रम, आधुनिक शिक्षण विधि, निरन्तर व्यावसायिक विकास तथा प्रभावकारी मूल्याङ्कन प्रणालीलाई अझ सुदृढ गर्दै लैजान आवश्यक छ।

स्वास्थ्य क्षेत्रमा देखिएका नयाँ चुनौतीहरूको सामना गर्न अनुसन्धान, नवप्रवर्तन र प्रमाणमा आधारित अभ्यासलाई प्राथमिकता दिनुपर्छ। प्रतिष्ठानका शिक्षक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको क्षमता विकास र कार्यप्रेरणा अभिवृद्धि संस्थागत विकासका महत्वपूर्ण आधार हुन्। दुर्गम तथा ग्रामीण समुदायसम्म गुणस्तरीय स्वास्थ्य सेवा र स्वास्थ्य शिक्षाको पहुँच विस्तार गर्नु हाम्रो सामाजिक उत्तरदायित्व पनि हो। विद्यार्थीहरूलाई उत्कृष्ट चिकित्सक तथा स्वास्थ्यकर्मी मात्र नभई जिम्मेवार, अनुशासित र सेवाभावी नागरिकका रूपमा विकास गर्नु हाम्रो साझा लक्ष्य हो। प्रतिष्ठानको शैक्षिक उत्कृष्टता कायम गर्न शिक्षक, विद्यार्थी, कर्मचारी, प्रशासन तथा सरोकारवाला सबैबीच सहकार्य र समन्वय अपरिहार्य छ।

आगामी दिनमा प्रतिष्ठानलाई राष्ट्रिय स्तरको उत्कृष्ट स्वास्थ्य विज्ञान शिक्षण तथा अनुसन्धान केन्द्रका रूपमा स्थापित गर्न हामी प्रतिबद्ध छौं। यसका लागि शैक्षिक पूर्वाधारको विकास, आधुनिक प्रयोगशाला, पुस्तकालय, अनुसन्धान तथा प्रविधिमैत्री शिक्षण वातावरणलाई थप सुदृढ गरिनेछ। हाम्रो प्रत्येक प्रयासको अन्तिम उद्देश्य गुणस्तरीय स्वास्थ्य जनशक्ति उत्पादन गर्दै समाज र राष्ट्रको स्वास्थ्य क्षेत्रमा दीर्घकालीन योगदान पुर्‍याउनु हो। यस वार्षिक प्रतिवेदन प्रकासन तथा दिवसले विगतका उपलब्धिको समीक्षा गर्दै आगामी यात्राका लागि नयाँ ऊर्जा, उत्साह र प्रतिबद्धता प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु। अन्त्यमा, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको समुन्नति र गौरवपूर्ण भविष्यका लागि निरन्तर योगदान पुर्‍याउनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद तथा शुभकामना व्यक्त गर्दछु।

**प्रा.डा. कृष्ण कुमार झा**

**डिन**

# शुभकामना सन्देश

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको वार्षिक प्रतिवेदन प्रकाशनको यस महत्वपूर्ण अवसरमा प्रतिष्ठान परिवारका तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्न पाउँदा म धेरै हर्षित छु। स्वास्थ्य सेवा, चिकित्सा शिक्षा र स्वास्थ्य अनुसन्धानका क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने उद्देश्यका साथ राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान निरन्तर अघि बढिरहेको छ। यस क्षेत्रका नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुका साथै दक्ष स्वास्थ्य जनशक्ति उत्पादन गर्ने हाम्रो प्रमुख जिम्मेवारी हो। यस जिम्मेवारीलाई आत्मसात् गर्दै प्रतिष्ठानले स्वास्थ्य सेवा तथा चिकित्सा शिक्षाको विकासमा निरन्तर प्रयास गर्दै आएको छ।

विगत वर्षमा प्रतिष्ठानले स्वास्थ्य सेवा विस्तार तथा गुणस्तरीकरण, चिकित्सा शिक्षा, जनशक्ति विकास, भौतिक पूर्वाधार, उपकरण तथा प्रविधिको प्रयोग र संस्थागत सुधारका क्षेत्रमा महत्वपूर्ण कार्यहरू अघि बढाएको छ। सीमित स्रोत–साधन र विभिन्न चुनौतीका बीच पनि सेवाग्राहीको आवश्यकता र अपेक्षालाई केन्द्रमा राखी सेवा प्रवाहलाई थप प्रभावकारी, सुरक्षित र सेवाग्राहीमैत्री बनाउने प्रयास गरिएको छ। यस वार्षिक प्रतिवेदनमा प्रतिष्ठानले एक वर्षको अवधिमा गरेका प्रमुख गतिविधि, प्राप्त उपलब्धि तथा आगामी कार्यदिशालाई समेटिएको छ। यो प्रतिवेदनले हाम्रो विगतको कार्यसम्पादनको समीक्षा गर्दै आगामी दिनमा अझ राम्रो गर्न प्रेरणा र मार्गदर्शन प्रदान गर्ने विश्वास लिएको छु।

प्रतिष्ठानको प्रगति र उपलब्धिका पछाडि सम्पूर्ण प्रतिष्ठान परिवारको मेहनत, समर्पण र सहकार्य रहेको छ। आफ्नो जिम्मेवारी इमानदारी र प्रतिबद्धताका साथ पूरा गर्नुहुने सम्पूर्ण चिकित्सक, प्राध्यापक, स्वास्थ्यकर्मी, कर्मचारी तथा विद्यार्थीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, प्रतिष्ठानको विकास र सेवा विस्तारमा निरन्तर सहयोग तथा सहकार्य गर्नुहुने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विभिन्न सरकारी तथा गैरसरकारी निकाय, विकास साझेदार, समुदाय र सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

आगामी दिनमा गुणस्तरीय स्वास्थ्य सेवा, प्रभावकारी चिकित्सा शिक्षा, अनुसन्धान तथा नवप्रवर्तनलाई प्राथमिकतामा राख्दै प्रतिष्ठानलाई अझ सक्षम, उत्तरदायी र उत्कृष्ट स्वास्थ्य विज्ञान संस्थाका रूपमा विकास गर्ने हाम्रो प्रतिबद्धता रहनेछ। यस यात्रामा सबैको निरन्तर सहयोग, सहकार्य र सकारात्मक सुझावको अपेक्षा गर्दछु।

अन्त्यमा, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले आगामी दिनमा अझ उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गर्दै चिकित्सा शिक्षा र अनुसन्धानका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गर्न सकोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

**डा. सुरेश विक रसाइली**

**निर्देशक**

# विषय सूचि

१. प्रतिष्ठानको परिचय ........ १
२. प्रतिष्ठानको दुरदृष्टी, लक्ष्य तथा उद्देश्यहरू ........ २
३. प्रतिष्ठानको सेवा पहुँच ........ ३
४. अस्पताल सेवाहरू ........ ३
४.१. प्रतिष्ठानमा रहेका विद्यमान शैयाहरू ........ ३
४.२. प्रतिष्ठानमा सञ्चालनमा रहेका लक्षित कार्यक्रमहरू ........ ५
४.३. सिकलसेल तथा थालेसेमिया वृहत परिक्षण तथा परामर्श नि:शुल्क दन्त शिविर कार्यक्रम ........ ६
४.४. प्रतिष्ठानमार्फत प्रदान गरिएको बहिरङ्ग तथा आपतकालिन सेवा ........ ६
४.५. प्रतिष्ठानमार्फत प्रदान गरिएको अन्तरङ्ग (IPD) सेवा ........ ८
४.६. प्रतिष्ठानमार्फत प्रदान गरिएको ल्याव सेवा ........ १०
४.७. अस्पताल सेवा प्रभावहको न्यूनतम सेवा मापदण्डको अवस्था ........ १२
५. प्रतिष्ठानमार्फत सञ्चालित शुलभ फार्मेसी सेवा ........ १३
५.१. औषधि परामर्श कक्षको स्थापना ........ १४
५.२. अस्पताल सुलभ फार्मेसीमा उपलब्ध औषधिको सूचि र दररेटको ड्यासबोर्ड तथा क्यु.आर. कोड ........ १४
५.३ प्रतिजैविक प्रतिरोध Antimicrobial Resistance (AMR) सचेतना कार्यक्रम ........ १५
६. शैक्षिक गतिविधिहरू ........ १६
६.१. नर्सिङतर्फ पहिलो ब्याचका विद्यार्थी दिक्षित ........ १७
६.२. थप विधामा फेलोसिपमा विद्यार्थी ........ १७
६.३. अन्य शैक्षिक गतिविधिहरू ........ १८
७.अनुसन्धान गतिविधिहरू ........ १८
८. मानव संसाधन विकास ........ १९
९. वित्तीय प्रगति ........ २०
१०. भौतिक पूर्वाधार र सुविधा ........ २१
११. वार्षिक प्रशासनिक गतिविधिहरु ........ २२
११.१. सभा (सिनेट) ........ २२
११.२. कार्यकारी परिषद ........ २३
११.३ हव स्याटेलाइट कार्यशाला ........ २३
११.४. सहकार्य तथा समन्वय ........ २४
१२. सार्वजनिक जवाफदेहिता तथा सेवा सुधारका गतिविधिहरू ........ २४
१३. आर्थिक वर्ष २०८२/०८३ का प्रमुख उपलब्धीहरू ........ २६

## तालिका विवरण

तालिका १: रासी स्वास्थ्य विज्ञान प्रतिष्ठानको विद्यमान शैयाको विवरण ........ 4
तालिका २: विगत तीन आ.व. मा सञ्चालित नेपाल सरकारका लक्षित कार्यक्रमका लाभग्राहीहरू........ 5
तालिका ३: विगत तीन आ.व.मा अस्पतालबाट बहिरङ्ग तथा इमरजेन्सी सेवा लिनेहरुको विवरण ........ 7
तालिका ४: विगत तीन आ.व.मा प्रतिष्ठान मार्फत प्रदान गरिएको अन्तरङ्ग सेवा विवरण ........ 9
तालिका ५: विगत तीन आ.व.मा प्रदान गरिएको रेडियोलोजी सेवाको विवरण........ 12
तालिका ६: Schools of Nursing and Medicine मा अध्ययनरत विद्यार्थीहरुको विवरण........ 16
तालिका ७: प्रतिष्ठानको जर्नलमा (JRAHS) मा प्रकाशित शोधपत्रहरूको विवरण........ 18
तालिका ८: चालु आर्थिक वर्षको आम्दानीको स्रोतगत विवरण ........ 20
तालिका ९: आर्थिक वर्ष २०८२/०८३ को प्रतिष्ठानको आर्थिक प्रगति विवरण ........ 21

## चार्ट विवरण

चार्ट १: विगत तीन आ.व.मा प्रतिष्ठानले प्रदान गरेको OPD र Emergency सेवाहरू........ 8
चार्ट २: विगत तीन आ.व.को सर्जरी सेवाको विवरण........ 10
चार्ट ३: विगत तीन आ.व.मा अस्पतालको प्रयोगशाला मार्फत प्रदान गरिएको सेवाको विवरण ........ 11
चार्ट ४: अस्पताल न्यूनतम सेवा मापदण्डको अवस्था........ 13
चार्ट ५: आर्थिक वर्ष२०८३/८३ को आम्दानीको स्रोतगत विवरण........ 21

## १. प्रतिष्ठानको परिचय




राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान (RAHS) नेपालको लुम्बिनी प्रदेश अन्तर्गत दाङको घोराहीमा अवस्थित रहेको छ । यो प्रतिष्ठान २०७४ सालमा संसदले पारित गरेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ मार्फत स्थापित भएको एउटा स्वायत्त स्वास्थ्य संस्था हो । यसले स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय शिक्षा, अनुसन्धान र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य राखेको छ ।प्रतिष्ठानले School of Medicine र School of Nursing अन्तर्गत विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । प्रतिष्ठानमा School of Nursing अन्तर्गत BSC Nursing, Bachelor of Nursing Science (BNS) र Master of Nursing (MN) कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । School of Medicine अन्तर्गत स्नातक तहको MBBS, र स्नातकोत्तर तहको MD/MS कार्यक्रमहरू पनि सञ्चालन गरिरहेको छ । त्यसैगरी हाल प्रतिष्ठानमा Clinical Fellowship in Geriatric Medicine मा १ जना विद्यार्थी अध्ययनरत रहेका छन् भने Orbit Oculoplasty and Lacrimal Surgery (OPAL) मा १ जना विद्यार्थी छनोट भई भर्ना रहेका छन् । राप्ती उप-क्षेत्रीय अस्पताललाई प्रतिष्ठानमा गाभिएपछि यसले बिरामीहरूलाई बहिरङ्ग सेवा (OPD), अन्तरङ्ग सेवा (IPD), आपतकालीन सेवा, शल्यक्रिया, डायलासिस, रेडियोलोजी तथा प्रयोगशाला सेवा लगायतका विभिन्न स्वास्थ्य सेवाहरू प्रदान गर्दै आएको छ ।

स्वास्थ्य विज्ञानको क्षेत्रमा आवश्यक पर्ने दक्ष चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा अनुसन्धानकर्ताहरू उत्पादन गर्नुका साथै यसले देशको स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ पार्न मद्दत गरेको छ । विशेषगरी, लुम्बिनी प्रदेशका दुर्गम क्षेत्रका जनतालाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै यसले स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने नेपाल सरकारको नीतिलाई सहयोग पुऱ्याइरहेको छ । नेपालका हरेक प्रदेशमा एउटा सरकारी मेडिकल कलेज/प्रतिष्ठान स्थापना गर्ने सरकारको निर्णय अनुसार लुम्बिनी प्रदेशमा स्वास्थ्य शिक्षा र सेवाको विकासका लागि यो प्रतिष्ठानले योगदान पुऱ्याइरहेको छ । यस प्रतिष्ठानले स्वास्थ्य विज्ञानका विभिन्न क्षेत्रमा उच्चस्तरीय अनुसन्धान कार्यहरू सञ्चालन गरी नयाँ ज्ञान र प्रविधिको विकास गरिरहेको छ

। भविष्यमा यस प्रतिष्ठानले गुणस्तरीय स्वास्थ्य सेवा र शैक्षिक पूर्वाधारमा अभिवृद्धि गरी यस क्षेत्रलाई चिकित्सा पर्यटनको हवका रुपमा विकास गर्ने लक्ष्य राखेको छ ।

## २. प्रतिष्ठानको दुरदृष्टी, लक्ष्य तथा उद्देश्यहरू

### २.१. दुरदृष्टी (Vision)

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान चिकित्सा शिक्षा, अनुसन्धान र स्वास्थ्य सेवाको क्षेत्रमा नेतृत्वदायी भूमिकामा रहदै खोज, अनुसन्धान, स्वास्थ्य र जीवन प्रतिको गहनतालाई स्वास्थ्य सेवा र अनुसन्धानमा रूपान्तरणकारी योगदान गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्ने संस्थाको रूपमा परिचित भएको हुनेछ ।

### २.२. ध्येय (Mission)

- उत्कृष्ट चिकित्सकीय सेवा, महत्वपूर्ण अनुसन्धान, समृद्ध चिकित्सा तथा वायोमेडिकल शिक्षाको माध्यमबाट विरामीमैत्री सेवा उपलब्ध गराउनु ।
- सबैको स्वास्थ्य र कल्याण गर्नका लागि उत्कृष्ट तथा अग्रणी चिकित्सक, अध्ययता र प्रविधियुक्त नवप्रर्वतक व्यक्ति बन्न प्रेरित गर्नु ।

### २.३. लक्ष्यहरू (Goal)

- चिकित्सा विज्ञान, स्वास्थ्य सेवा तथा बायोमेडिकल शिक्षामा उत्कृष्टता हासिल गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहलाई रूपान्तरण गर्दै उत्कृष्ट, नवीन, बिरामी-केन्द्रित सेवा प्रदान गर्ने ।
- दिगो तथा आत्मनिर्भर पूर्वाधार निर्माण गर्ने ।

### २.४. उद्देश्यहरु (Objectives)

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालको संसदबाट पारित ऐनद्वारा स्थापित एक स्वास्थ्य विज्ञान प्रतिष्ठान हो। यसको प्रमुख उद्देश्यहरू निम्नानुसार छन् :

- स्वास्थ्य विज्ञान क्षेत्रमा गुणस्तरीय शिक्षा मार्फत योग्य जनशक्ति उत्पादन गर्नु ।
- नेपाली जनतालाई उच्चस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु ।
- स्वास्थ्य विज्ञान सम्बन्धी अनुसन्धान कार्यहरू सञ्चालन गर्नु ।
- देशका विभिन्न भागहरूमा विशिष्ट स्वास्थ्य सेवा र अनुसन्धान विस्तार गर्नु ।

## ३. प्रतिष्ठानको सेवा पहुँच

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले नेपालको लुम्बिनी प्रदेशका ४ जिल्लाहरु (दाङ, प्युठान, रोल्पा, पूर्वी रूकुम र कर्णाली प्रदेशका २ जिल्लाहरु (सल्यान र रूकुम पश्चिम) का नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गरिरहेको छ ।




## ४. अस्पताल सेवाहरू

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले नेपाल सरकारका लक्षित कार्यक्रमहरु अन्तरगत कुपोषण व्यवस्थापन, सुरक्षित मातृत्व, एकद्धार संकट व्यवस्थापन केन्द्र, ए.आर.टी. सामाजिक सुरक्षा एकाई जेष्ठनागरिक तथा स्वास्थ्य विमा लगायतका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा कोषा (SSF) सेवा समेत लागू गरेको छ ।

### ४.१. प्रतिष्ठानमा रहेका विद्यमान शैयाहरू

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको विद्यमान शैयाको विवरणअनुसार, प्रतिष्ठानमा स्वीकृत सरकारी शैया ३०० रहेका छन् भने कुल सञ्चालनमा रहेका शैयाहरूको सङ्ख्या ३२६ पुगेको छ। विभिन्न विभागगत विवरण हेर्दा सबैभन्दा बढी प्रसूति सेवाका लागि ३७ वटा, आकस्मिक सेवाका

लागि ३४ वटा, अर्थोपेडिकका लागि ३० वटा र जनरल तथा सर्जिकल एनेक्स (ENT, Dental, Ophthalmology सहित) का लागि ४० वटा शैयाहरू सञ्चालनमा रहेका छन्। यसैगरी, सर्जिकल बेड २४ वटा, मेडिसिन २८ वटा, पोष्ट-अपरेटिभ २० वटा, डायलाइसिस र पेडियाट्रिक १४/१४ वटा, तथा HDU र जेरियाट्रिक १२/१२ शैया उपलब्ध छन् भने आइसियू र Psychiatric १०/१० शैया रहेका छन्। यसबाहेक एनआइसियूमा ९ वटा, आइसोलेसन र SNCU मा ३/३, तथा ओसीएमसी र आकस्मिक निगरानी (Observation) मा २/२ वटा शैयाको व्यवस्था गरी विभिन्न स्वास्थ्य सेवाहरू प्रवाह भइरहेको देखिन्छ।




**तालिका १: राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको विद्यमान शैयाको विवरण**

| SN | Description | Total |
|---|---|---|
| 1 | Sanctioned Beds (Government) | 300 |
| 2 | Total operational Beds | 326 |
| 3 | Emergency Beds | 34 |
| 4 | Maternity beds | 37 |
| 5 | Pediatric Beds | 14 |
| 6 | Surgery Bed | 24 |
| 7 | Medicine | 28 |
| 8 | Post -Operative Bed | 20 |
| 9 | General (Surgical Annex)-ENT-5 Dental -5, Ophthalmology-5 | 40 |
| 10 | Dialysis Bed | 14 |
| 11 | OCMC (OPD Basis) | 2 |
| 12 | Geriatric | 12 |
| 13 | Orthopedic | 30 |
| 14 | HDU | 12 |
| 15 | ICU | 10 |
| 16 | SNCU (High Care Unit) | 3 |
| 17 | NICU | 9 |
| 18 | Observation Emergency (Triage) | 2 |
| 19 | Isolation | 3 |
| 20 | Psychiatric | 10 |
| 21 | Nutrition/ PICU | 10/8 |

*स्रोत : मेडिकल रेकर्ड शाखा, २०८३*

## ४.२. प्रतिष्ठानमा सञ्चालनमा रहेका लक्षित कार्यक्रमहरू

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गत तीन आर्थिकमा नेपाल सरकारद्वारा सञ्चालित विभिन्न लक्षित कार्यक्रमका लाभग्राहीहरूको विवरण अनुसार तीनवटै आर्थिक वर्षमा कुल लाभग्राहीहरूको संख्यामा उल्लेख्य वृद्धि भएको पाइएको छ। आर्थिक वर्ष २०८०/०८१ मा कुल लाभग्राही संख्या ६,४९४ रहेकोमा, आर्थिक वर्ष २०८१/०८२ मा बढेर ७,३६० पुगेको छ र आर्थिक वर्ष २०८२/०८३ मा यो संख्या झनै वृद्धि भई १२,८४३ पुगेको छ।

कार्यक्रमगत रूपमा हेर्दा, "Safe Motherhood and Neonatal" (सुरक्षित मातृत्व र नवजात शिशु) कार्यक्रममा सबैभन्दा धेरै निरन्तर लाभग्राहीहरू (आ.व. २०८०/०८१ मा ३,०१०, आ.व. २०८१/०८२ मा ४,००९ र आ.व. २०८२/०८३ मा ४,६४४) रहेका छन्। त्यसैगरी, "Sickle - Cell Disease (Sample Collected)" शीर्षकमा पनि आ.व. २०८२/०८३ मा ५,०७० पुगी उच्च वृद्धि देखिएको छ। सामाजिक सुरक्षा इकाई (SSU), एन्टिरेट्रोभाइरल थेरापी सेन्टर (ART), र पोषण पुनर्स्थापना (Nutritional Rehabilitation) जस्ता अन्य कार्यक्रमहरूमा पनि लाभग्राहीहरूको उपस्थिति क्रमशः बढ्दै गएको छ ।गत तीन आर्थिक वर्षमा लक्षित कार्यक्रममार्फत प्रवाह गरेको स्वास्थ्य सेवाको विवरण निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २: विगत तीन आ.व. मा सञ्चालित नेपाल सरकारका लक्षित कार्यक्रमका लाभग्राहीहरू**

| S.N | Indicators | 2080/081 | 2081/082 | 2082/083 |
|---|---|---|---|---|
| 1 | Social Security Unit (SSU) | 925 | 891 | 1177 |
| 2 | Psychosocial Counseling Through OCMC | 51 | 290 | 176 |
| 3 | Safe Motherhood and Neonatal | 3010 | 4009 | 4644 |
| 4 | Hemodialysis Persons | 107 | 134 | 106 |
| 5 | Antiretroviral Therapy Center (ART) | 278 | 299 | 307 |
| 6 | Nutritional Rehabilitation | 69 | 121 | 139 |
| 7 | Directly Observed Treatment , Short - Couse (DOTs) | 238 | 193 | 236 |
| 8 | Sickle - Cell Disease (Sample Collected) | 641 | 708 | 5070 |
| 9 | Geriatric Service | 1175 | 715 | 988 |
| **Total** | | **6494** | **7360** | **12843** |

*स्रोत : मेडिकल रेकर्ड शाखा, २०८३*

## ४.३. सिकलसेल तथा थालेसेमिया वृहत परिक्षण तथा परामर्श निःशुल्क दन्त शिविर कार्यक्रम

प्रतिष्ठानले आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सिकलसेल एनेमिया तथा थालेसेमियाको वृहत परिक्षण तथा परामर्श कार्यक्रम घोराही उप-महानगरपालिकाको झिङ्नी, नारायणपुर र सौडियारमा, तुलसीपुर उप-महानगरपालिकाको डुरूवा र मानपुरमा, राप्ती गाउँपालिकाको राप्ती आधारभूत अस्पतालमा र दङ्गिशरण गाउँपालिकाको हेकुलीमा आयोजना गरेको थियो । यसका साथै प्रतिष्ठान अस्पतालमा आएका सिकलसेलका संकास्पद विरामीहरूको समेत निःशुल्क परिक्षण गरिएको थियो । यस कार्यक्रम अन्तरगत कुल जम्मा ५०७० जनाको परिक्षण गरिएकोमा ३३ जनामा sickle cell digit पाइएको थियो भने ३४७ जना sickle cell trait, ३ जना beta thalassemia major, १५७ जना beta thalassemia trait, ५९ जना sickle cell beta thalassemia trait र ५१ जना hemoglobin variants पाइएको थियो ।२०८३ असार मा एक कार्यक्रमको आयोजना सिकलसेल एनेमिया तथा थालेसेमियाको वृहत परिक्षणको नतिजा प्रतिवेदन सार्वजिनक गरिएको थियो ।




त्यसैगरी, प्रतिष्ठानको दन्त विभागले पत्येक महिना घोराही नगरभित्रका संस्थागत तथा सरकारी विद्यालयहरूका विद्यार्थीहरूको नियमित दन्त शिविर सञ्चालन गरेको थियो । यस आ.व. झण्डै ३ हजार विद्यार्थिहरू दन्त शिविरबाट लाभान्वित भएका थिए ।

## ४.४. प्रतिष्ठानमार्फत प्रदान गरिएको बहिरङ्ग तथा आपतकालिन सेवा

प्रतिष्ठानको अस्पताल सेवामा हाल बहिरंग सेवा अन्तरगत आपतकालिन विभाग, दन्त विभाग, छाला विभाग, आँखा विभाग, नाँक, कान, घाँटी विभाग, स्त्रि तथा प्रसुति विभाग, हाडजोर्नी तथा नशारोग विभाग, मनोपरामर्श विभाग, बालरोग विभाग, फिजियोथेरापी, युरोसर्जरी, न्युरोसर्जरी, मुटुरोग, डायलासिस, जनरल सर्जरी सेवाहरु सञ्चालमा रहेका छन् । प्रतिष्ठान अन्तर्गतका विभिन्न विभाग मार्फत स्वास्थ्य सेवा लिएका विरामीहरुको विवरण निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३: विगत तीन आ.व.मा अस्पतालबाट बहिरङ्ग तथा इमरजेन्सी सेवा लिनेहरुको विवरण

| SN | Department/Fiscal Year | 2080/081 | 2081/082 | 2082/083 |
|---|---|---|---|---|
| 1 | Cardiology | 0 | 0 | 1150 |
| 2 | Department of Dentistry | 3980 | 4486 | 4678 |
| 3 | Dermatology | 941 | 7379 | 8996 |
| 4 | Emergency | 20871 | 26703 | 26082 |
| 5 | ENT | 10268 | 10897 | 10279 |
| 6 | General Practice & Emergency Medicine | 4628 | 7601 | 16176 |
| 7 | General Surgery | 11396 | 12752 | 11948 |
| 8 | Maternity ward | 3851 | 4915 | 5587 |
| 9 | Medicine | 40387 | 45879 | 45362 |
| 10 | Neuro Surgery | 0 | 1575 | 4304 |
| 11 | Obstetrics Gynecology | 18236 | 22192 | 25136 |
| 12 | OCMC | 300 | 316 | 262 |
| 13 | Ophthalmology | 13571 | 12253 | 14035 |
| 14 | Orthopedic | 20993 | 23463 | 22705 |
| 15 | Pediatrics | 10345 | 12319 | 10489 |
| 16 | Psychiatry | 2937 | 5584 | 6389 |
| 17 | Self-Investigation | 1393 | 1617 | 6838 |
| 18 | Urology | 4218 | 4023 | 5932 |
| | **Total** | **168315** | **203954** | **226348** |

*स्रोत : मेडिकल रेकर्ड शाखा, २०८३*

विगत तीन आर्थिक वर्षको विवरण अनुसार अस्पतालमा बहिरङ्ग सेवा र आकस्मिक सेवा लिने बिरामीहरूको सङ्ख्यामा क्रमिक वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०८०/०८१ मा कुल १,७६,४१२ जना बिरामीले बहिर्ग सेवा लिएकोमा आर्थिक वर्ष २०८१/०८२ मा यो सङ्ख्या सामान्य रूपमा बढेर १,७६,९३९ पुगेको थियो भने आर्थिक वर्ष २०८२/०८३ मा उल्लेख्य रूपमा वृद्धि भई २,००,२११ पुगेको छ । यसैगरी, आकस्मिक सेवाका बिरामीहरू आर्थिक वर्ष २०८०/०८१ मा २५,१५८ बाट बढेर २०८१/०८२ मा २७,६६८ पुगेका थिए भने २०८२/०८३ मा केही कमी आई २६,७७२ मा सीमित भएको छ। यी दुवै सेवाहरूको संयुक्त कुल सङ्ख्यालाई हेर्दा आर्थिक वर्ष २०८०/०८१ मा २०१,५७०, २०८१/०८२ मा २०४,६०७ र २०८२/०८३ मा २,२६,९८३ पुगेको छ, जसले अस्पतालमा स्वास्थ्य सेवा लिने सेवाग्राहीहरूको चाप क्रमशः बढ्दै गएको स्पष्ट संकेत गर्दछ।

## चार्ट १: विगत तीन आ.व.मा प्रतिष्ठानले प्रदान गरेको OPD/Emergency सेवाहरू




*स्रोत : मेडिकल रेकर्ड शाखा, २०८३*

## ४.५. प्रतिष्ठानमार्फत प्रदान गरिएको अन्तरङ्ग (IPD) सेवा



प्रतिष्ठानमा हाल अन्तरङ्ग सेवा अन्तरगत स्त्री तथा प्रसुति, हाडजोर्नी, एनेक्स वार्ड (नाक, कान घाँटी, अप्थाल्मोलोजी, छालारोग, दन्तरोग) सघन उपचार कक्ष, पोष्ट अप, बालरोग, पोषण सुधार, जनरल मेडिसिन, जेरियाट्रिक वार्ड, न्यूरोसर्जरी, यूरोसर्जरी, क्याथल्याव, मानसिक रोग सेवा प्रदान गर्ने गर्दछ । गत तीन आ.व. मा प्रतिष्ठानले प्रदान गरेको अन्तरङ्ग सेवाका विरामीहरुको विवरण प्रस्तुत गरिएको छ ।

## तालिका ४: विगत तीन आ.व.मा प्रतिष्ठान मार्फत प्रदान गरिएको अन्तरङ्ग सेवा विवरण

| S.N | Department | 2080/081 | 2081/082 | 2082/083 |
|---|---|---|---|---|
| 1 | CARDIOLOGY | 0 | 0 | 28 |
| 2 | DEPARTMENT OF DENTISTRY | 2 | 32 | 52 |
| 3 | DERMATOLOGY | 0 | 14 | 31 |
| 4 | ENT | 239 | 243 | 430 |
| 5 | GENERAL PRACTICE & EMERGENCY MEDICINE | 60 | 525 | 467 |
| 6 | GENERAL SURGERY | 1193 | 1322 | 1678 |
| 7 | MATERNITY WARD | 1397 | 4403 | 4433 |
| 8 | MEDICINE | 1129 | 3741 | 2988 |
| 9 | NEURO SURGERY | 0 | 55 | 389 |
| 10 | OBSTETRICS GYNECOLOGY | 380 | 403 | 1163 |
| 11 | OPHTHALMOLOGY | 8 | 76 | 169 |
| 12 | ORTHOPEDIC | 765 | 1024 | 1119 |
| 13 | PAEDIATRICS | 272 | 1397 | 1985 |
| 14 | PSYCHIATRY | 51 | 84 | 122 |
| 15 | UROLOGY | 153 | 104 | 549 |
| **Total** | | 5649 | 13423 | 15603 |

*स्रोत : मेडिकल रेकर्ड शाखा, २०८३*

विगत तीन आर्थिक वर्षहरूमा प्रतिष्ठानमार्फत प्रदान गरिएको अन्तरङ्ग सेवा (Inpatient Service) को विवरण हेर्दा अन्तरङ्ग सेवा लिने बिरामीहरूको कुल संख्यामा निरन्तर वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०८०/०८१ मा कुल ५,६४९ जना बिरामीले सेवा लिएकोमा, आर्थिक वर्ष २०८१/०८२ मा यो संख्या बढेर १३,४२३ पुगेको छ र आर्थिक वर्ष २०८२/०८३ मा थप वृद्धि भई १५,६०३ पुगेको छ। विभागत रूपमा हेर्दा, "Maternity Ward" (प्रसूति वार्ड) र "General Surgery" विभागहरूमा बिरामीको चाप सबैभन्दा उच्च रहेको छ। विशेष गरी प्रसूति वार्डमा आ.व. २०८०/०८१ को १,३९७ बाट बढेर आ.व. २०८२/०८३ मा ४,४३३ पुगेको छ। त्यसैगरी, "Medicine" र "Pediatrics" विभागहरूमा पनि सेवा लिने बिरामीहरूको संख्या उल्लेखनीय रूपमा बढेको छ।

त्यसैगरी, प्रतिष्ठानले ६ वटा अपरेशन थिएटर टेवलहरूबाट युरो, न्युरो, आँखा, नाक कान घाँटी, प्रशुती, हाडजोर्नीको सर्जरी सेवा प्रदान गर्दै आइरहेको छ । त्यसका अतिरिक्त क्याथल्याव र दाँत सम्बन्धी विशिष्टिकृत सेवाहरू प्रदान गर्दै आइरहेको छ ।

**चार्ट २: विगत तीन आ.व.को सर्जरी सेवाको विवरण**




*स्रोत : मेडिकल रेकर्ड शाखा, २०८३*

## ४.६. प्रतिष्ठानमार्फत प्रदान गरिएको ल्याव सेवा



प्रतिष्ठानको प्रयोगशाला मार्फत विभिन्न रोगहरुको चेकजाँच तथा रोगको निदान हुने गरेको छ ।प्रयोगशालामा हिस्टोप्याथोलोजी, हेमाटोलोजी, सेरोलोजी, प्यारासिटोलोजी, माइक्रोबायोलोजी, इन्डोक्राइनोलोजी र बायोक्यामेस्ट्री सेवा सञ्चालनमा रहेको छ । गत तीन आर्थिक वर्षमा प्रयोगशालाबाट प्रदान गरिएको सेवाको विवरण तलको चार्टमा प्रस्तुत गरिएको छ ।

## चार्ट ३: विगत तीन आ.व.मा अस्पतालको प्रयोगशाला मार्फत प्रदान गरिएको सेवाको विवरण




*स्रोत : मेडिकल रेकर्ड शाखा, २०८३*

प्रतिष्ठानको प्रयोगशाला मार्फत प्रदान गरिएका सेवाको विवरण हेर्दा अधिकांश परीक्षण सेवाहरूको सङ्ख्यामा क्रमशः वृद्धि भएको देखिन्छ। सबैभन्दा बढी परीक्षण हुने हेमाटोलोजी सेवामा आर्थिक वर्ष २०८०/०८१ मा ४०६,३८७ रहेकोमा २०८१/०८२ मा ५३२,९४० र २०८२/०८३ मा बढेर ५७४,५९८ पुगेको छ। यसैगरी, बायोकेमेस्ट्री सेवामा पनि १४०,८७१ बाट बढेर क्रमशः ३२७,८६७ र ३९३,९३७ पुगेको छ भने भाइरोलोजी, ब्याक्टेरियोलोजी, इम्युनोलोजी र हिस्टोप्याथोलोजी जाँच सेवाहरूमा पनि निरन्तर वृद्धि देखिएको छ।

**तालिका ५: विगत तीन आ.व.मा प्रदान गरिएको रेडियोलोजी सेवाको विवरण**




## ४.७. अस्पताल सेवा प्रभावहको न्यूनतम सेवा मापदण्डको अवस्था

राष्ट्री स्वास्थ्य विज्ञान प्रतिष्ठानको अस्पताल न्यूनतम सेवा मापदण्ड )MSS) को मूल्याङ्कन नतिजा अनुसार अस्पतालको सेवा प्रवाह र व्यवस्थापन पक्षमा क्रमिक सुधार हुँदै आएको देखिन्छ। पहिलो मूल्याङ्कन शत रहेको स्कोर त्यसपछिका मूल्यांकनहरूमा प्रति ४०मा (२६/०१/२०२१) प्रतिशत ५०क्रमशः बढेर , ६४ प्रतिशत, ६९ प्रतिशत हुँदै पाँचौं मूल्याङ्कन मा (०६/०१/२०२५) प्रतिशत पुगेको थियो। यद्यपि ७१आइपुग्दा सर्वाधिक , छैटौं मूल्याङ्कन मा यो (२०/०४/२०२६) प्रतिशतमा सीमित भएको छ ६७नतिजा केही घटेर । प्रतिष्ठानले अस्पतालको न्यूनतम सेवा मापदण्डको स्थिति सुधार्दै सेवाको गुणस्तरलाई अझ दिगो बनाउन थप पहल गरिरहेको छ ।यहा प्रतिष्ठानले हालसम्म प्राप्त गरेको न्यूनतम सेवा मापदण्डको मूल्याङ्कन नतिजा प्रस्तुत गरिएको छ :

चार्ट ४: अस्पताल न्यूनतम सेवा मापदण्डको अवस्था




## ५. प्रतिष्ठानमार्फत सञ्चालित शुलभ फार्मेसी सेवा




राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले आफ्नै अस्पताल फार्मेसी सेवा समेत प्रदान गरेको छ । हाल प्रतिष्ठानले विभिन्न प्रकारका गुणस्तरिय औषधिहरु वितरण गर्ने गरेको छ ।शुलभ फार्मेसी सेवाबाट विक्री वितरण गरिने सम्पूर्ण औषधिहरूको मौजदात तथा दररेट क्यू.आर.कोड तथा अस्पतालको प्राङ्गणमा राखिएको ड्यासबोर्ड २४ सै घण्टा सार्वजनिक गरिएको छ ।

## ५.१. औषधि परामर्श कक्षको स्थापना

आर्थिक वर्ष २०८२/०८३ मा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको फार्मेसी विभागमा छुट्टै औषधि परामर्श कक्षको स्थापना गरिएको छ । यस कक्षमार्फत फार्मासिस्टले बिरामी तथा सेवाग्राहीलाई चिकित्सकले सिफारिस गरेका औषधिको सही मात्रा, सेवन गर्ने समय, सेवन गर्ने तरिका, उपचार अवधि, औषधिको भण्डारण विधि, सम्भावित प्रतिकूल असर, औषधि-औषधि अन्तरक्रिया तथा




आवश्यक सावधानीका विषयमा व्यक्तिगत रूपमा स्पष्ट जानकारी तथा परामर्श प्रदान गर्ने गरिरहेका छन् । साथै, बिरामीले औषधि सही तरिकाले प्रयोग गरे नगरेको बुझ्न र औषधि सेवनमा देखिएका समस्या पहिचान गर्न तथा उपचारप्रतिको अनुशासन पालनमा सुधार गर्न समेत यस कक्षले महत्वपूर्ण भूमिका खेलिरहेको छ। विशेषगरी दीर्घरोगका बिरामी, ज्येष्ठ नागरिक, बालबालिका, संवेदनशील प्रकृतिका औषधि तथा नार्कोटिक, साइकोट्रोपिक औषधि प्रयोग गर्ने बिरामीलाई गोपनीय र व्यवस्थित वातावरणमा परामर्श दिन यस कक्षले सहजता प्रदान गरेको छ। औषधि परामर्श कक्ष स्थापनाले औषधिको तर्कसंगत प्रयोग, औषधिजन्य त्रुटिको न्यूनीकरण, बिरामीको सन्तुष्टि वृद्धि तथा समग्र स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुराइरहेको छ ।

## ५.२. अस्पताल सुलभ फार्मेसीमा उपलब्ध औषधिको सूचि र दररेटको ड्यासबोर्ड तथा क्यु.आर. कोड

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको अस्पताल फार्मेसीमा उपलब्ध औषधिहरूको नाम, शक्ति, Dosage form तथा आवश्यक विवरण समावेश गरिएको औषधि उपलब्धता सूची र दररेट (Drug Availability List and rate) तयार गरी प्रत्येक चिकित्सकको कक्ष तथा टेबलमा राखिएको छ। यसबाट चिकित्सकहरूलाई प्रिस्क्रिप्सन लेख्नुअघि अस्पताल फार्मेसीमा तत्काल उपलब्ध औषधिहरूको जानकारी सजिलै प्राप्त गर्न सहज भएको छ। यसले उपलब्ध औषधिको आधारमा उचित औषधि छनोट गर्न, बिरामीलाई औषधि

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान अस्पताल फार्मेसीमा उपलब्ध औषधीको मौज्दात तथा मुल्य सूचिका लागि QR Code Scan गर्नुहोस् ।

औषधी मौज्दात तथा मुल्य सूचि

उपलब्ध नभएको अवस्थामा अनावश्यक वैकल्पिक औषधि खोज्नुपर्ने अवस्था कम गर्न तथा बिरामीको उपचारमा निरन्तरता कायम गर्न सहज भएको छ। साथै, फार्मेसी र चिकित्सकबीचको समन्वय तथा सूचना आदानप्रदानलाई प्रभावकारी बनाउँदै तर्कसंगत औषधि प्रयोग, औषधिको उपलब्धताको उचित उपयोग, बिरामीको सेवा प्रवाहमा सहजता तथा औषधि व्यवस्थापन प्रणालीको प्रभावकारिता बढाउन यस सूचीले महत्वपूर्ण भूमिका खेलेको छ ।

त्यसैगरी, आर्थिक वर्ष २०८२/०८३ बाट प्रतिष्ठानको शुलभ फार्मेसी कक्षमा उपलब्ध रहेको औषधिहरूको सूचि र दररेट अस्पताल प्राङ्गणमा रहेको स्कृन डयासबोर्ड तथा क्यू.आर. कोडबाट समेत सार्वजनिक गरिएको छ ।

## ५.३ प्रतिजैविक प्रतिरोध Antimicrobial Resistance (AMR) सचेतना कार्यक्रम

यस आ.. ब. मा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान (RAHS) ले २०८३ असार २१ गते औषधिको तर्कसंगत प्रयोग, एन्टिमाइक्रोबियल प्रतिरोध न्यूनीकरण तथा बिरामीको सुरक्षित उपचार प्रवर्द्धनको गर्ने उद्देश्यका प्रतिजैविक प्रतिरोध सचेतना Antimicrobial Resistance (AMR) Awareness कार्यक्रमको आयोजना गरेको थियो ।कार्यक्रम विज्ञहरूले एन्टिबायोटिकको अनावश्यक तथा गलत प्रयोगका कारण उत्पन्न हुने प्रतिरोधले संक्रमणको उपचार जटिल बनाउने, उपचार अवधि तथा स्वास्थ्य खर्च बढाउने र बिरामीको स्वास्थ्यमा गम्भीर असर पार्ने भएकाले यसको रोकथाम अत्यन्त आवश्यक रहेको बताउनु भएको थियो । यस कार्यक्रममार्फत चिकित्सक, फार्मासिस्ट, नर्सिङ तथा अन्य स्वास्थ्यकर्मीहरूमा Antimicrobial Stewardship, Rational Antibiotic Use, Prescription Monitoring, Infection Prevention and Control तथा औषधि प्रतिरोधसम्बन्धी ज्ञान र व्यवहार अभिवृद्धि गर्न सहयोग पुगेको थियो।




साथै, बिरामी तथा समुदायमा चिकित्सकको सल्लाहबिना एन्टिबायोटिक प्रयोग नगर्ने, तोकिएको मात्रा र अवधिअनुसार मात्र औषधि सेवन गर्ने तथा बाँकी एन्टिबायोटिक आफूखुसी प्रयोग नगर्ने सम्बन्धमा सचेतना फैलाउनु पर्ने विचार राखिएको थियो ।यस प्रकारका कार्यक्रमले RAHS मा Antimicrobial Stewardship Programme लाई संस्थागत रूपमा सुदृढ गर्दै गुणस्तरीय, सुरक्षित र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न तथा AMR को दीर्घकालीन जोखिम न्यूनीकरण गर्न महत्वपूर्ण योगदान पुऱ्याउँनेमा सबैले विश्वास व्यक्त गरेका थिए।

## ६. शैक्षिक गतिविधिहरू



राष्ट्री स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हाल Bachelor of Science in Nursing(BSc Nursing), Bachelor of Nursing Science (BNS), Doctor of Medicine and Master of Surgery ((MD/MS), Master of Nursing (MN), Bachelor of Medicine and Bachelor of Surgery (MBBS) का विषयहरुमा अध्यापन भइरहेको छ । प्रतिष्ठानले आगामी दिनमा चिकित्सा क्षेत्रका थप शैक्षिक कार्यक्रमहरु सञ्चालनका लागि पहल गरिरहेको छ ।

**तालिका ६ः Schools of Nursing and Medicine मा अध्ययनरत विद्यार्थीहरुको विवरण**

| SN | Faculty | Admission year | Batch | Female | Male | Total |
|---|---|---|---|---|---|---|
| 1 | Bachelor of Science in Nursing (BSc Nursing) | 2023 | First | 20 | 0 | 20 |
| 2 | Bachelor of Science in Nursing (BSc Nursing) | 2024 | Second | 19 | 1 | 20 |
| 3 | Bachelor of Nursing Science (BNS) | 2024 | Second | 14 | 0 | 14 |
| 4 | Doctor of Medicine and Master of Surgery ((MD/MS) | 2024 | First | 0 | 4 | 4 |
| 5 | Bachelor of Science in Nursing (BSc Nursing) | 2025 | Third | 29 | 1 | 30 |
| 6 | Bachelor of Nursing Science (BNS) | 2025 | Third | 16 | 0 | 16 |
| 7 | Master of Nursing (MN) | 2025 | First | 2 | 0 | 2 |
| 8 | Doctor of Medicine and Master of Surgery ((MD/MS) | 2025 | Second | 2 | 5 | 7 |
| 9 | MBBS | 2025 | First | 18 | 32 | 50 |
| 10 | Bachelor of Science in Nursing (BSc Nursing) | 2026 | Fourth | 28 | 2 | 30 |
| 11 | Bachelor of Nursing Science (BNS) | 2026 | Fourth | 16 | 0 | 16 |
| 12 | Master of Nursing (MN) | 2026 | Second | 1 | 0 | 1 |
| 13 | Doctor of Medicine and Master of Surgery ((MD/MS) | 2026 | Third | 1 | 9 | 10 |
| 14 | MBBS | 2026 | Second | 20 | 30 | 50 |
| | **Total** | | | **186** | **84** | **270** |

*स्रोत : शैक्षिक प्रशासन शाखा, २०८३*

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा School of Nursing and Medicine मा विभिन्न शैक्षिक कार्यक्रमहरूमा हालसम्म जम्मा २७० जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्। यसमा १८६ जना छात्रा )female) र ८४ जना छात्र )male) रहेका छन्। प्रतिष्ठानमा B.Sc Nursing, BNS, MN, MBBS तथा MD/MS जस्ता महत्वपूर्ण चिकित्सा तथा नर्सिङ विषयहरूमा सन् २०२३ देखि २०२६ सम्मका (MD/MS) अन्तर्गत MS General Surgery, MS Orthopedics, MD Obstetrics and Gynecology, MD Internal Medicine, MD in General Practice and Emergency Medicine, MD Pediatrics, MD Community Medicine/MN अन्तर्गत Community Health Nursing and Medical Surgical Nursing विधाका विद्यार्थीहरूको पठनपाठन सञ्चालन भइरहेको छ।

## ६.१. नर्सिङतर्फ पहिलो ब्याचका विद्यार्थी दिक्षित



राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्ययनरत चिकित्सा शिक्षा स्नातक तहअन्तर्गत नर्सिङतर्फ शैक्षिक सत्र २०२३ ब्याच (पहिलो ब्याच) का १६ जना विद्यार्थीहरूको शैक्षिक सत्र २०८३ जेठ मसान्तमा अध्ययन सम्पन्न भइ दिक्षित हुनु भएको छ। दिक्षित मध्ये २ जना हाल प्रतिष्ठानमा नर्सिङ अधिकृतको रूपमा छात्रवृत्ति करारमा कार्यरत हुनुहुन्छ ।

## ६.२. थप विधामा फेलोसिपमा विद्यार्थी

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले यस आ.व. मा नेपाल मेडिकल काउन्सिलबाट Geriatric Medicine तथा Orbit Oculoplasty and Lacrimal Surgery (OPAL) विषयमा Clinical Fellowship कार्यक्रम सञ्चालनका लागि स्वीकृति प्राप्त गरेको छ । हाल यस प्रतिष्ठानमा Clinical Fellowship in

Geriatric Medicine मा १ जना विद्यार्थी अध्ययनरत रहेका छन् भने Orbit Oculoplasty and Lacrimal Surgery (OPAL) मा १ जना विद्यार्थी छनोट भई भर्ना रहेका छन् ।

### ६.३. अन्य शैक्षिक गतिविधिहरू

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको शैक्षिक विभागबाट यस आ.व.मा **SPSS Online Training, Journal Training** र **Student Assessment Training** लगायतका क्षमता विकासका तालिम कार्यक्रमहरू सञ्चालन भएका थिए । त्यसैगरी, विद्यार्थीहरूको हेल्थ पोष्ट भिजिट, खेलकुद तथा कम्युनिटी आउटरिचका कार्यक्रमहरू समेत सम्पन्न भएका थिए । चिकित्सा शिक्षा आयोगबाट प्रतिष्ठानका शैक्षिक गतिविधिहरूको अनुगमन गरिएको थियो ।अन्य प्रतिष्ठानहरूसँगको सहकार्यमा विज्ञहरूको आदान प्रदानका साथै बझाङ अस्पतालमा एक जना रेजिडेन्टलाई पठाइएको थियो ।



## ७.अनुसन्धान गतिविधिहरू

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले हरेक वर्ष चिकित्सा क्षेत्रका विभिन्न विधाहरुमा अनुसन्धानमूलक शोधपत्रहरु प्रकाशन गरिरहेको छ । प्रतिष्ठानले एकल तथा विभिन्न सरोकारवालाहरुसँगको सहकार्यमा अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्ने र प्राप्त तथ्यका आधारमा शोधपत्रहरु प्रकाशन गर्ने गर्दछ । प्रतिष्ठानमा रहेको Institutional Review Committee-IRC ले अनुसन्धानात्मक कार्यहरु व्यवस्थापन तथा अर्धवार्षिक रुपमा विभिन्न विधामा शोधपत्रहरु तयार गरी प्रकाशन गर्ने गर्दछ ।

**तालिका ७: प्रतिष्ठानको जर्नलमा (JRAHS) मा प्रकाशित शोधपत्रहरूको विवरण**

| S.N. | Issue / Article Type | Principal Investigator from RAHS | Principal Investigator from Outside RAHS | Total |
|---|---|---|---|---|
| 1 | **Vol.2 No.1 (2025)** | | | |
| | Editorial | 1 | — | 1 |
| | Letter to the Editor | | 1 | 1 |
| | Original Articles | 8 | 5 | 13 |
| | Case Reports | 2 | — | 2 |
| | View Points | — | — | — |
| | **Total** | **11** | **6** | **17** |
| 2 | **Vol.2 No. 2 (2025)** | | | |

| | | | | |
|---|---|---|---|---|
| | Editorial | 1 | — | 1 |
| | Original Articles | 9 | 2 | 11 |
| | Case Reports | — | 2 | 2 |
| | View Points | — | — | — |
| | **Total** | **10** | **4** | **14** |
| 3 | **Vol.3 No. 1 (2026)** | | | |
| | Editorial | 1 | — | 1 |
| | Original Articles | 12 | 8 | 20 |
| | Case Reports | — | — | — |
| | View Points | — | — | — |
| | **Total** | **13** | **8** | **21** |

*स्रोत : शैक्षिक प्रशासन शाखा, २०८३*

प्रतिष्ठानले हालसम्म आफ्नै प्रमुख अनुसन्धानकर्ता (Principal Investigator) र बाहिरका अनुसन्धानकर्ताहरूको परिचालन गरी Vol.2 No.1 (2025), Vol.2 No.2 (2025) र Vol.3 No.1 (2026) का अंकहरूमा विभिन्न लेखहरू प्रकाशित गरेको छ ।जसमा, Vol.2 No.1 (2025) मा जम्मा १७ वटा लेखहरू प्रकाशित भएका थिए, जसमध्ये RAHS का तर्फबाट ११ र बाहिरका अनुसन्धानकर्ताबाट ६ वटा रहेका थिए। यसैगरी, Vol.2 No.2 (2025) मा कुल १४ वटा (RAHS का १० र बाहिरका ४ लेखहरू प्रकाशित भए भने Vol.3 No.1 (2026) मा यो संख्या बढेर कुल २१ वटा (RAHS का १३ र बाहिरका ८) प्रकाशित भएका छन् ।

विभिन्न लेखका प्रकारहरूमध्ये "Original Articles" (मौलिक लेखहरू) हरूको संख्या सबै अंकहरूमा सर्वाधिक रहेको देखिन्छ। यसले जर्नलमा मौलिक अनुसन्धान लेखहरूको प्रकाशनमा प्राथमिकता रहेको र संस्थाभित्र तथा बाहिरका अनुसन्धानकर्ताहरूको सहभागिता क्रमशः बढ्दै गएको स्पष्ट पार्छ।

## ८. मानव संसाधन विकास

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रशासनिक, विभागीय शिक्षक तथा चिकित्सक, प्राविधिक, नर्सिङ शिक्षक, मेडिकल अफिसर, स्टाफ नर्स, प्यारामेडिक्स र ल्याव टेक्निसियन लगायतका मानव संसाधनहरु कार्यरत रहेका छन् ।यस आ.व. मा प्रतिष्ठानले संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M Survey) गरी प्रतिष्ठानलाई आवश्यक पर्ने जनशक्तिको विवरण सहितको प्रतिवेदन तयार गरेको छ । साथै प्रतिष्ठानले विद्यमान जनशक्तिहरुको क्षमता विकास तथा उत्प्रेरणाका लागि विभिन्न तालिम, गोष्ठी लगायतका कार्यक्रमहरु नियमित रुपमा आयोजना गर्ने गरिएको छ ।

### तालिका नं. ७: प्रतिष्ठानमा कार्यरत जनशक्तिहरुको विवरण

| S.N | Human Resource Description | Number Of Staff |
|---|---|---|
| 1 | Executive Committee Members | 5 |
| 2 | Administrative Staff | 49 |
| 3 | Technical Staff | 12 |
| 4 | Faculty (Clinical Sciences) | 52 |
| 5 | Faculty (Basic Sciences) | 24 |
| 6 | Faculty Nursing | 24 |
| 7 | Medical Officers | 42 |
| 8 | Nursing Staff/Nursing Officer/ANM | 232 |
| 9 | Paramedical Staff | 18 |
| 10 | Others (Lab Staff, Radiology, Staff, Ophthalmology Staff, Physiotherapy staff, Ent Assistant, Dental Hygienist) | 44 |
| **Total** | | **502** |
| **11** | **Outsourcing Staff** | **173** |

*स्रोत : प्रशासन शाखा, २०८३*

## ९. वित्तीय प्रगति

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल सरकारको एक स्वायत्त संस्था हो । प्रष्ठिानले नेपाल सरकारको वार्षिक बजेटमार्फत पूँजिगत तथा चालु अनुदान वार्षिक रुपमा प्राप्त गर्ने गर्दछ । यसका अतिरिक्त प्रतिष्ठानले प्राज्ञिक तथा अस्पताल सेवा मार्फत आन्तरिक आम्दानी गर्ने गर्दछ । साथै प्रतिष्ठानले संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुका विभिन्न लक्षित कार्यक्रमहरुको सशर्त अनुदानहरु समेत प्राप्त गर्ने गरेको छ ।

### तालिका ८: चालु आर्थिक वर्षको आम्दानीको स्रोतगत विवरण

| SN | Sources | Amount |
|---|---|---|
| 1 | Academic Revenue | 126456880 |
| 2 | Hospital Revenue | 626152844 |
| 3 | Capital Grant | 868400060 |
| 4 | Current Grant | 182592000 |
| 5 | Vertical Program | 100208000 |
| 6 | Pharmacy Revenue | 303303725 |
| | **Total** | **2207113509** |

*स्रोत : आर्थिक प्रशासन शाखा, २०८३*

**चार्ट ५: आर्थिक वर्ष२०८३/८३ को आम्दानीको स्रोतगत विवरण**




*स्रोत : आर्थिक प्रशासन शाखा, २०८३*

आर्थिक वर्ष २०८२/०८३ मा प्रतिष्ठानको कुल बजेट २ अर्व २० करोड ७१ लाख १३ हजार ५ सय ९ रुपैया रहेको थियो । जसमध्ये प्रतिष्ठानले यस आर्थिक वर्षमा कुल बजेटको ४८.५३ प्रतिशत र पुँजिगत बजेटको ४.५० प्रतिशत र नेपाल सरकारको कार्यक्रम बजेटमा ७५.०५ प्रतिशत खर्च गर्न सकेको छ ।

**तालिका ९: आर्थिक वर्ष २०८२/०८३ को प्रतिष्ठानको आर्थिक प्रगति विवरण**

| SN | Description | Allocation | Expenditure | Expenditure % |
|---|---|---|---|---|
| 1 | Current Grant | 182592000 | 182592000 | 100 |
| 2 | Capital Grant | 868400000 | 39091338 | 4.50 |
| 3 | Vertical Program | 100208000 | 75208000 | 75.05 |
| 4 | Total Budget including hospital, academic and pharmacy revenue | 2207113449 | 1071103748 | 48.53 |

*स्रोत : आर्थिक प्रशासन शाखा, २०८३*

## १०. भौतिक पूर्वाधार र सुविधा

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रशासन, शैक्षिक कार्यक्रम, अस्पताल, अनुसन्धानका कार्यहरु सञ्चालन गर्नका लागि हाल अस्पताल भवनहरु, अध्ययन अध्यापनका लागि भवनहरु, पुस्तकालय, अनुसन्धान ल्यावहरु, प्रशासनिक तथा चिकित्सक आवास भवनहरु रहेका छन् । प्रतिष्ठानले आगामी

दिनमा ४०० शैयाको थप भवन निर्माणका लागि स्रोत सुनिश्चितता समेत गरिसकेको छ ।त्यसैगरी, अध्यापन तथा आवासका लागि नवलपुरमा जग्गा प्राप्तीको काम अगाडि बढीरहेको छ । प्रतिष्ठानले हाल विद्यार्थिहरूको छात्रछात्राबास तेस्रो पक्ष मार्फत भाडाका घरमा सञ्चालन गरिरहेको छ । अध्ययापनका लागि रङ्गेना विद्यालयसँग सम्झौता गरी भवन भाडामा लिएको छ ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले सूचना प्रविधिको प्रयोग गरी कागज विहिन कार्यालय कामलाई प्रवर्धन गरिरहेको छ । स्वास्थ्यकर्मी तथा अस्पताल प्रशासनका कर्मचारीहरुको दैनिक हाजिरी वायोमेट्रिक विधिबाट हुने गरेको छ । अस्पतालका बहिरङ्ग सेवाको विरामी रजिष्ट्रेशन र भुक्तानी दुवैलाई अनलाई विधिबाट गर्न सकिने व्यवस्था बनाइएको छ। अन्तरङ्ग तथा वहिरङ्ग विभागका विरामीहरुको तथ्याङ्क सफ्टवेरमा प्रविष्ट गरी हरेक दिन अद्यावधिक गरिन्छ । त्यसैगरी, नेपाल सरकारका लक्षित कार्यक्रमहरु, सामाजिक सुरक्षा कोष तथा विमाका तथ्याङ्कहरु सम्बन्धित निकायहरुको अनलाईन पोर्टलमा प्रविष्ट गर्ने गरिएको छ । प्रतिष्ठानले आगामी दिनमा Electronic Medical Record -EMR लाई उच्च प्राथमिकताका साथ प्रयोगमा ल्याउने तयारी गरिरहेको छ । यसैगरी, प्रतिष्ठानमा दाखिला भएका जिन्सी सामानहरुलाई निजी क्षेत्रको मिडास नामक सफ्टवेयर साथै नेपाल सरकारको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System -PAMS) मा प्रविष्ट गरिएको छ ।

## ११. वार्षिक प्रशासनिक गतिविधिहरु

### ११.१. सभा (सिनेट)

आर्थिक वर्ष २०८२/०८३ शुरूवात (भाद्र २३ र २४) मा देशमा GeN Z आन्दोलन भएपछि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालिन उपकुलपति डा. विकास लामिछानेले राजिनामा दिनु भएको थियो ।तत्कालिन उपकुलपतिको राजिनामा पश्चात प्रतिष्ठानको नेतृत्वको जिम्मामा देखिएको अन्योलताका विचमा तत्कालिन रजिष्ट्रार प्रा. श्याम लम्सालले कार्यवहाक उपकुलपतिको समेत जिम्मेवारी पाउनु भएको थियो । त्यसको केही महिना भित्रै जननिर्विचित नयाँ सरकारको शासकीय सुधारको सय दिने कार्यसूचि बमोजिम सार्वजनिक पदाधिकारीहरूको नियुक्ति खारेजी भएकोले मन्त्रालयबाट प्रतिष्ठानका तत्कालिन सह-निर्देशकलाई निमित्त कार्यालय प्रमुखको जिम्मेवारी प्रदान गरिएको थियो । आर्थिक वर्ष २०८२/०८३ को अन्तिम दिनसम्म निमित्त कार्यालय प्रमुख (निर्देशक) लाई प्रतिष्ठानको दैनिक कार्य सञ्चालनको मात्रै जिम्मेवारी प्रदान गरिएको कारण प्रतिष्ठानको नीतिगत निर्णय पारित गर्ने सभा (सिनेट) को आयोजना हुन सकेन।

## ११.२. कार्यकारी परिषद

यस आर्थिक वर्षमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको कार्यकारी परिषदको बैठक १५ पटक बसी प्रतिष्ठानको नीति तथा कार्यक्रमहरुको कार्यन्वयन, प्राज्ञिक तथा अस्पताल सेवाको दैनिक प्रशासन संचालन, मानवस्रोत व्यवस्थापन जस्ता विषयहरुमा निर्णय लिएको थियो । कार्यकारी परिषदले शैक्षिक, अनुसन्धान तथा अस्पताल सेवा सञ्चालनमा आवश्यक पर्ने विभिन्न समितिहरूको गठन गरेको थियो ।

## ११.३ हव स्याटेलाइट कार्यशाला

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ट्रसरी अस्पतालको रूपमा यस क्षेत्रका अन्य अस्पतालहरूको हव अस्पतालको रूपमा रहेको छ ।स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापनको समयमा संयुक्त पहल मार्फत आपतकालिन स्वास्थ्य सेवा प्रदान गर्न नेतृत्वदायी भूमिकामा रहेको प्रतिष्ठानले हव स्याटेलाइट अस्पतालहरूसँग अस्पताल विपद व्यवस्थापन तयारीका बारेमा नियमित सम्पर्क र समन्वयमा रहने गरेको छ । मिति २०८२ मंसिर १ गते भर्चुअल बैठकको आयोजना गरिएको थियो । उक्त बैठकमा प्रतिष्ठानका रजिष्ट्रार, निर्देशक, सह-निर्देशक, प्रदेश स्वास्थ्य आपतकालिन कार्यसञ्चालनका केन्द्रका प्रतिनिधि, दाङ, प्युठान, रोल्पा जिल्ला स्याटेलाइट अस्पतालका प्रमुखहरूको उपस्थिति रहेको थियो ।




त्यसैगरी, २०८२ माघ २९ गते हव एण्ड स्याटलाइट नेटवर्क पूर्व तयारी प्रादेशिक स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र सुदृढीकरण कार्याशाला गोष्ठीको घोराहीमा आयोजना गरिएको थियो ।

गोष्ठीमा हव तथा स्याटलाइट अस्पतालहरूले अस्पताल विपद व्यवस्थापन योजना प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा प्रतिष्ठानका रजिष्ट्रार, निर्देशक, स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशका प्रतिनिधिहरू र विभिन्न सरकारी तथा निजी अस्पतालका प्रमुख/विपद सम्पर्क व्यक्तिको उपस्थिति रहेको थियो ।

### ११.४. सहकार्य तथा समन्वय

प्रतिष्ठानको चौतर्फी बिकासका लागि प्रतिष्ठानले विभिन्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरिरहेको छ । यस आर्थिक वर्षमा राप्ती आधारभूत अस्पताल सिसहनियासँग प्रतिष्ठानको स्वास्थ्य सेवा विस्तारको सम्झौता भएको छ । त्यसैगरी, प्रतिष्ठानले क्यान्सर उपचार सेवा सञ्चालनका लागि वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरसँग MoU गरेको छ । मिति २०८२ चैत्र १३ गते वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालसँगको सहकार्यमा प्रतिष्ठानले महिलाहरूको पाठेघर क्यान्सरको स्क्रिनिङ शिविरको आयोजना गरेको थियो । यस आ.व.मा प्रतिष्ठानले शुषमा कोइराला मेमोरियल ट्रष्ट / अस्पतालसँगको समन्वयमा प्रतिष्ठानमा जलन शिविरको आयोजना गरिएको थियो ।उक्त शिविर २०८३ वैशाख २५ देखि २८ गतेसम्म सञ्चालन भएको थियो ।त्यसैगरी, यस आ.व.मा प्रतिष्ठानले निजामती कर्मचारीहरूको उपचार सेवा प्रतिष्ठानबाट प्रदान गर्न सिभिल अस्पतालसँग सम्झौता गरेको छ र यस सम्बन्धमा आवश्यक तयारी भैरहेको छ ।

त्यसैगरी, स्नातकोत्तर तहका चिकित्सा शिक्षाका विद्यार्थीहरूको अध्ययनलाई सुदृढ साथै जिल्ला तहमा स्वास्थ्य सेवाहरूको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र नेपालको सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय अन्तर्गतको जिल्ला अस्पताल, बझाङ बीच सम्झौता भएको थियो । चालु आ.व. मा प्रतिष्ठानले रेजिडेन्ट डक्टर चुडामणी न्यौपानेलाई शैक्षिक पाठ्यक्रमको १४ हप्ते Community Posting का लागि जिल्ला अस्पताल, बझाङमा पठाएको थियो ।

## १२. सार्वजनिक जवाफदेहिता तथा सेवा सुधारका गतिविधिहरू




राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले सेवा प्रवाहलाई जनमुखी, पारदर्शी र जवाफदेही बनाउने उद्देश्यले यस वर्ष शासकीय तथा प्रशासनिक क्षेत्रमा महत्त्वपूर्ण सुधारका गतिविधिहरू सञ्चालन गरेको छ। यस अन्तर्गत लामो समयदेखि (२०७५ सालदेखि) सञ्चालनमा नरहेको हेलो सरकार पोर्टललाई पुनः सञ्चालनमा ल्याई सार्वजनिक सरोकारका गुनासाहरूको सुनुवाइ तथा फच्यौंट गर्न थालिएको छ। यसैगरी, सेवाग्राहीका गुनासाहरूलाई व्यवस्थित रूपमा सम्बोधन

गर्न औपचारिक रूपमा गुनासो व्यवस्थापन समिति गठन गरिनुका साथै अस्पताल प्रशासनका अधिकृत श्री सालिक राम कालाथोकीलाई गुनासो सुन्ने अधिकारी तोकी सम्पर्क नम्बर र इमेल समेत आधिकारिक वेबसाइटमार्फत सार्वजनिक गरिएको छ।

सेवाग्राहीको गुनासो र सुझाव संकलनलाई प्रविधिमैत्री र प्रभावकारी बनाउन विभिन्न नवीन अभ्यासहरू थालनी गरिएका छन्। यसैक्रममा, सेवाग्राही सन्तुष्टि सर्वेक्षण र निर्देशकसँग सिधा गुनासोका लागि छुट्टाछुट्टै क्युआर कोड (QR Code) सार्वजनिक गरी प्राप्त गुनासाहरूको तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाइएको छ। साथै, २०७६ सालदेखि नखोलिएको सुझाव पेटिकालाई नियमित रूपमा खोली त्यहाँबाट प्राप्त सुझाव तथा गुनासाहरू सम्बोधन गर्न थालिएको छ भने अस्पतालको सरसफाइस्थितिलाई सुधार्न साप्ताहिक रूपमा सरसफाइ अडिट गरी नियमित प्रतिवेदन तयार गर्ने अभ्यासको समेत थालनी भएको छ।




संस्थागत सुशासन र पारदर्शितालाई थप मजबुत पार्न नियमित रूपमा प्रतिष्ठानको बुलेटिन तयार गरी सार्वजनिक गरिएको छ भने प्रतिष्ठानको इतिहासमै पहिलो पटक वार्षिक प्रगति प्रतिवेदन तयार गरी वेबसाइटमार्फत प्रकाशन गरिएको छ। पदाधिकारी तथा अधिकृत वा इन्चार्जहरूको सहभागितामा ४८ वटा नियमित साप्ताहिक बैठकहरू सम्पन्न गरी व्यवस्थापकीय निर्णयहरूको समीक्षा र कार्यान्वयनलाई तीव्रता दिइएको छ।

सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाउने क्रममा अस्पतालमा पनि सुधारका कदम चालिएका छन्। यसअघि जनरल तथा बीमा सेवातर्फ ओपिडी (OPD) टिकट काट्ने समय १२ बजेसम्म मात्र रहेकोमा त्यसलाई बढाएर २ बजेसम्म पुऱ्याइएको छ। टिकट काट्ने समय थप भएपछि अस्पतालमा हुने भीडभाड व्यवस्थापनमा सहजता आएको छ र सेवाग्राहीले लामो समय लाइन बस्नुपर्ने बाध्यतामा कमी आएको छ।त्यसैगरि, अनलाइन टिकट काट्ने र भुक्तानीका साथै अनलाइनबाटै ल्याव रिपोट लिन सकिने व्यवस्था गरिएको छ ।त्यसैगरी, यस आ.व. मा ७३ जना स्वास्थ्यकर्मी, सुरक्षा गार्ड र सहयोगी कर्मचारीहरूलाई Soft Skills तालिम प्रदान गरी मुस्कान सहितको सेवा प्रवाहका लागि उत्प्रेरित गरिएको थियो ।

## १३. आर्थिक वर्ष २०८२/०८३ का प्रमुख उपलब्धीहरू

- ४०० शैयाको भवनको स्रोत सुनिश्चित भएको ।
- शासकीय तथा सेवा सुधारका अभ्यासहरू (गुनासो व्यवस्थापन संयन्त्र स्थापना, विपन्न नागरिक शैया, नियमित बुलेटिन प्रकासन, ओपिडि टिकट काट्ने समय विस्तार, डिजिटल नागरिक वडापत्र प्रकासन, अनलाइन भुक्तानी) को अवलम्बन)
- जलन उपचार केन्द्र (Burn Care Unit) को स्थापना
- जलन शिविर तथा महिलाहरूको पाठेघरकोको मुखको क्यान्सर स्क्रिनिङ शिविर आयोजना
- क्याथल्याव सञ्चालन ।
- BNS को पहिलो Batch अध्ययन पुरा गरी Pass out भएको ।
- MBBS, MD/MS, / MN को शैक्षिक कार्यक्रम सञ्चालन ।
- JRAHS (Journal of Rapti Academy of Health Sciences) Editorial Board को जर्नल प्रकाशन ।
- होलेरी र त्रिवेणीमा Community Outreach Center
- होलेरी र नेर्पामा विस्तारित सेवा केन्द्र स्थापना तथा सञ्चालन
- सेवा प्रवाहमा समन्वय तथा सहकार्यका लागि विभिन्न संस्थाहरुसँग MOU गरिएको